नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

मितिः २०८१।०७।२९

## खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिको वैठक सम्वन्धी

## प्रेस नोट

नेपाल सरकारले खाद्य ऐन २०२३ खारेज गरी "खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१" नेपाल राजपत्रमा मिति २०८१/०१/२३ गते प्रकाशन गरि सार्वजनिक गरि सो मिति देखी ९१औं दिन वाट लागु हुने व्यवस्था अनुरुप मिति २०८१/०४/१९ देखी लागु भएको सो ऐनको दफा ५ मा १५ सदस्यीय खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिको व्यवस्था रहेको छ। यस समितिको सदस्यहरु सहितको पहिलो पूर्ण वैठक मिति २०८१/०७/२९ गते समितिका अध्यक्ष एवं कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान् सचिव डा. गोविन्द प्रसाद शर्माज्यूको अध्यक्ष्यतामा विभागमा सम्पन्न भयो। समितिको अन्य सदस्यहरुमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालयका सहसचिवहरु, नेपाल कृषि अनुसन्धान परिषदका वरिष्ठ वैज्ञानिक, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, उपभोक्ता हित सम्वन्धी सस्थाका प्रतिनिधि, त्रिभुवन विश्व विद्यालयका प्राध्यापक तथा खाद्य विज्ञ सहितको प्रतिनिधि रहने व्यवस्था रहेको छ। समितिको सदस्य सचिव खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक रहने व्यवस्था रहेको छ।

उक्त वैठकमा समितिका सदस्यज्यूहरूलाई स्वागत गर्दै खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम खाद्य पदार्थको स्तर निर्धारण सम्वन्धी प्रावधानहरु, सिफारिस समितिको काम, कर्तव्य अधिकार तथा स्तर निर्धारण प्रकृयाका वारेमा छलफल भएको थियो। छलफलमा समितिका सदस्यहरुद्वारा आफ्नो आफ्नो धारणा राखिएको थियो। वैठकमा छुर्पीको अनिवार्य गुणस्तरको मापदण्ड सम्वन्धमा ईमेल मार्फत SPS Inquiry Point, विभागमा प्राप्त भएको सुझाव उपर छलफल गर्दै पेश भएको छुर्पीको अनिवार्य गुणस्तरको मापदण्डलाई मन्त्रिपरिषद्बाट स्वीकृतीका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गर्ने निर्णय गरियो। यसका साथै

छुर्पीको Process Standard सहित असल उत्पादन अभ्यास (Good Manufacturing Practices) सम्बन्धी कार्यविधि विभागले तयार गरी पेश गर्ने निर्णय भयो। वैठकमा खाद्य स्वच्छता तथा गुण्स्तर ऐन, २०८१ को दफा ७ (च) बमोजिम आवश्यकता र औचित्यताको आधारमा विज्ञ सम्मिलित विषयगत मस्यौदा तयारी उपसमितिहरू गठन गर्न समितिका सदस्य सचिव तथा विभागका महानिर्देशकलाई जिम्मा दिने निर्णय गरीयो।

मोहन कृष्ण महर्जन
प्रवक्ता
२०८१/०७/२९